आज मिति २०८२।०१।१० गते (ने.स.११४५ चौलागा दशमी) बुधबारका दिन विहान ९:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८१/८२ को २१ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य ( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य ( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य ( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य ( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य ( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य ( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य ( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| राम प्रसाद शर्मा कंडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| भिम सेर्पुजा पुन | का.वडाध्यक्ष ( वडा नं ४) | |
| गेम बहादुर पुन | का.वडाध्यक्ष ( वडा नं ७) | |

अन्य उपस्थिति :

| | | |
|---|---|---|
| रमेश थापा | सूचना प्रविधि अधिकृत | |
| | | |
| | | |

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।

कार्यपालिका बैठक मिति : २०८२।०१।१० गते

समय : विहान ९:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८२।०१।०५ गते

**मिति २०८२।०१।१० गतेको कार्यपालिका बैठकका प्रस्तावहरुः-**

प्रस्ताव नं १: श्रद्धाञ्जली व्यक्त गर्ने

प्रस्ताव नं २: पूर्व निर्णयहरुको समिक्षा सम्बन्धमा

प्रस्ताव नं ३ : प्रभा माविको ठेक्का सम्झौताको म्याद थप

प्रस्ताव नं ४: जिल्ला समन्वय समितिबाट प्राप्त हुने साझेदारी रकमको आयोजना छनौट

प्रस्ताव नं ५: प्रदेशमा माग गर्ने समपुरक र विशेष योजना छनौट सम्बन्धमा

प्रस्ताव नं ६ : आयोजनाहरुको अनुगमन र भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं ७ : अन्नपूर्ण डे मनाउने सम्बन्धमा

प्रस्ताव नं ८ : नेपाल पर्यटन बोर्डको कार्यक्रम कार्यान्यवन गर्ने बारे ।

प्रस्ताव नं ९: विभिन्न योजनाहरुको भेरियसन अर्डर स्वीकृति सम्बन्धमा

विविध प्रस्तावहरु :

- कल्प उमन इम्पावरसंग कार्यक्रम साझेदारी
- राहत उपलब्ध गराउने ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भरत कुमार पुन
अध्यक्ष

निर्णय नं १:

प्रस्ताव नं १ उपर छलफल गर्दा कार्यपालिका सदस्य विष्णु कुमारी गर्बुजाको आमा स्व. पैतसिरी गर्बुजा, कार्यपालिका सदस्य गेममाया पुनको आमा स्व.धनसिरी तिलिजा पुन र वडा नं ४ को वडाध्यक्ष श्री लोक बहादुर फगामीको श्रीमती स्व. मेनकादेवी फगामी पुनको निधन भएकोले मृतक आत्माको चिर शान्तिको कामना गर्दै शोका सन्तप्त परिवारजनमा हार्दिक समवेदन व्यक्त गर्ने ।

निर्णय नं २ :

प्रस्ताव नं २ उपर छलफल गर्दा पूर्ववत कार्यपालिकामा छलफल भएका विषयहरुमा तपसिल बमोजिम गर्ने ।

क) वडा नं ४ नारच्याङको गाडपारमा खानेपानी ट्याङ्की मर्मत गर्नुपर्ने भएकाले प्राविधिक लागत ईष्टिमेटको आधारमा काम गर्न लगाई विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने ।

ख) सबै वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा स्वच्छ र सफा पिउने पानीको व्यवस्था गर्नको लागि Eurogaurd- Water Purifier खरिद गरी installation गर्ने ।

निर्णय नं ३:

प्रस्ताव नं ३ उपर छलफल गर्दा आ.व. २०७९/८० मा संघीय सरकारबाट विशेष अनुदानको लागि स्वीकृत प्रभा मा.वि.मा भवन निर्माणको कार्य संघीय सरकारबाट स्वीकृत रकम बमोजिम बजेट प्राप्त हुन नसकेकाले निर्माण कम्पनी जयलक्ष्मी/अभिनव जे.भी.ले म्याद थपको लागि कार्यालयमा मिति २०८१।१२।०६ गते निवेदन पेश गरेकोले आयोजनाको म्याद आगामी २०८२ कार्तिक मसान्त सम्म थप गर्ने ।

निर्णय नं ४:

प्रस्ताव नं ४ उपर छलफल गर्दा जिल्ला समन्वय समिति म्याग्दीमा रहेको म्यौज्दात कोषबाट स्थानीय तहहरुसंगको साझेदारीमा आयोजना सञ्चालन गर्न आयोजना माग भएकोमा लागत साझेदारीको रकम उपलब्ध हुने अवस्था नरहेकोले रकामान्तर गर्ने अवस्था देखिएमा आगामी छलफल गरी माग गर्ने ।

निर्णय नं ५:

प्रस्ताव नं ५ उपर छलफल गर्दा गण्डकी प्रदेश सरकार गण्डकी प्रदेश नीति तथा योजना आयोग, पोखरा, नेपालको प.स. २०८१/०८२, चलानी नं ४९४ मिति २०८१।१२।१३ को विशेष र समपुरक अनुदान अन्तर्गत आयोजना तथा प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार यस गाउँपालिकाको लागि आ.व. २०८२/०८३ को लागि तपसिलको प्राथमिकताक्रममा निर्धारण गरि आयोजनाको प्रस्ताव पेश गर्ने ।

तपसिल

विशेष अनुदानतर्फ

| प्राथमिकता क्रम | आयोजना/कार्यक्रमको नाम | कार्यन्वयन हुने वडा | लागत रु | कैफियत |
|---|---|---|---|---|
| १ | हल्लेखर्क-बैसरी-कुरमुनी-पोखरेवगर एक घर एक धारा खानेपानी आयोजना | वडा नं ६ पोखरेवगर | ४० लाख | चालु आ.व.मा कार्यन्वयन भइरहेको |
| २ | राम्चे ठुलोगाउँ पहिरो नियन्त्रण | वडा नं ८ | ४० लाख | |
| ३ | आदर्श मा.वि. रिमा भवन निर्माण | वडा नं ७ | ४० लाख | |

समपुरक अनुदानतर्फ

| प्राथमिकता क्रम | आयोजना/कार्यक्रमको नाम | कार्यन्वयन हुने वडा | लागत रु | प्रदेश सरकारको लागत | कैफियत |
|---|---|---|---|---|---|
| १ | घराम्दी खिवाङ सडक निर्माण | वडा नं ६ र ७ | १ करोड | ६० लाख | चालु आ.व.मा कार्यन्वयन भइरहेको |
| २ | भिरेकाटे दोवागाउँ सडक कालोपत्रे योजना | वडा नं १ | १ करोड | ६० लाख | |
| ३ | नारच्याङ स्वारा सिँचाई आयोजना | वडा नं ४ | १ करोड | ६० लाख | |

निर्णय नं १० :

विविध प्रस्ताव उपर छलफल गर्दा तपसिल बमोजिम गर्ने ।

(क) कल्प उमन इम्पावरले प्रस्ताव पेश गरेको आम नेपाली महिलाहरुले पाठेघरको मुखमा हुने क्यान्सर बाट भोग्नु परेको दुर्ग पीडालाई मलहम लगाउने सोच,संकल्प संकल्प स्वरूप कल्प इम्पावर वेमेन नेपालले भुपेन्द्रा बुढा स्मृती क्यापिएन सी-क्याप (Campaign – Cervical Cancer Awareness Program ) कार्यक्रमसंग सहकार्य गर्ने र सो कार्यक्रमको लागत साझेदारी रकम रु २२५,६५९।०२ बालमैत्री स्थानीय शासन कार्यक्रमबाट वेहोर्ने ।

(ख) वडा नं १ दोवाबाट माग भएको विद्युत पोल खरिद गर्ने सम्बन्धमा दोवा वडाको सम्बन्धित ठाउमा विद्युत सेवा पुऱ्याउनको लागि आवश्यक पर्ने २५ वटा पोलहरु नेपाल विद्युत प्राधिकरण बेनी कार्यालयलाई पत्राचार गर्ने ।

(ग) ६ नं वडा कार्यालयको मिति २०८२।०१।०८ को चलानी नं ७९७ बाट सिफारिस भइआएको राहत उपलब्ध गराउने सम्बन्धी निर्णय र प्रहरी सर्जमिन मुजुल्का अनुसार वडा नं ६ भुपेन्द्र बहादुर खड्काको काठले बनाएको गोठ जलेकोमा अन्नपूर्ण गाउँपालिकाको विपद् व्यवस्थापन कोष २०७४ अनुसार रु १०,०००/- विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने ।

(घ) आ.व. २०८१।८२ को स्वीकृत आयोजना **'नाका आलडाँडा मोटरबाटो निर्माण'** को स्वीकृत स्रोत **राजश्व बाँडफाँट-स्थानीय** रहेकोमा उल्लेखित स्रोतमा हाल गाउँपालिकामा आम्दानी नभएको र उक्त 'नाका आलडाँडा मोटरबाटो निर्माण' आयोजनाको कार्यसम्पन्न भई भुक्तानी गर्नुपर्ने भएकाले चालु आ.व. २०८१।८२ मै स्वीकृत **'प्रशासकीय भवन निर्माण'**मा रहेको स्वीकृत स्रोत **आन्तरिक स्रोत**बाट रु १५,००,०००/- (अक्षेरुपी पन्ध्र लाख मात्र) कुल स्वीकृत बजेट र स्रोतमा घटबढ नहुने गरी स्रोतान्तर गरी गर्ने ।

(ङ) यस अन्नपूर्ण गाउँपालिका वडा नं १ दोवा अन्तर्गत रहेको Construction of ५ Bed Hospitl Building in Doba, Annapurna -१ · Myagdi (ठेक्का नं ARM/Myagdi/NCB/W/B/06/077-78)को निर्माण कार्य सम्पन्न भएतापनि त्रुटी सच्याउने अवधि(DLP)भित्रै देखिएका र यस कार्यालयवाट औल्याईएका त्रुटी सच्याउनको लागि पटक पटक निर्माण कम्पनी श्री रबिना—अमित जे.भी,थासाङ—०३, मुस्ताङ लाई पत्राचार गरिएतापनि हाल सम्म पनि उक्त त्रुटीहरु सच्याईएको नपाईएकाले यस कार्यालयले औल्यएका त्रुटीहरु यथासिघ्र सच्याउन कार्य प्रारम्भ गर्नु पर्ने यदि सो नगरेको पाईएमा घरौटीवापत जम्मा रहेको रकम रु २१,८१२३१.०० मध्येवाट कार्यालयवाटै त्रुटी सच्याई सोही घरौटी रकमवाट भूक्तानी गर्ने ।

निर्णय नं ६ :

प्रस्ताव नं ६ उपर छलफल गर्दा गाउँपालिकाको उपाध्यक्ष ज्यूबाट हालसम्म भएका आयोजनाहरुको अनुगमनबारेको बारेमा जानकारी प्राप्त भयो । चालु आ.व.मा उपभोक्ता समितिबाट कार्यन्वयन हुने भनिएको १७ वटा आयोजनाहरु हालसम्म पनि सम्झौतापनि नभएकाले सम्बन्धित वडाहरुले तत्कालै ती उपभोक्ता समितिहरुसंग सम्झौता गरी कार्यान्वयन गर्ने ।

निर्णय ७ :

प्रस्ताव नं ७ उपर छलफल गर्दा मिति २०८२ जेठ २० गते ( तदनुसार २०२५ जुन ३) मनाउन गइरहेको अन्नपूर्ण हिमाल (प्रथम) आरोहणको ७५ औ बार्षिक उत्सवमा (अन्नपुर्ण डे) मनाउने सम्बन्धमा तपसिल बमोजिम गर्ने ।

(क) अन्नपूर्ण हिमाल(प्रथम) आधारशिविर (उत्तरी मोहडातर्फ)बाट म्याराथन दौड आयोजनाको व्यवस्थापनको लागि नेपाल भूतपूर्व खेलाडी मञ्चलाई अनुमति प्रदान गर्ने ।

(ख) अन्नपूर्ण डे मनाउनको लागि त्यस दिनको कार्यक्रमहरुको व्यवस्थापनको लागि ४ नं वडा समितिलाई जिम्मा दिने ।

(ग) अन्नपूर्ण डे मनाउन बजेट अपुग हुने भएकाले उक्त कार्यक्रमको लागि गाउँपालिका अन्तरगत बनेको अन्नपूर्ण विकास पर्यटन समितिलाई अन्य सरोकारवालाहरु व्यक्ति तथा संघसंस्थाहरुसंग सहयोग उठाउन अनुमति दिने ।

निर्णय नं ८ :

प्रस्ताव नं ८ उपर छलफल गर्दा नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालयको मिति २०८१।१२।१५ गतेको चलानी नं : ग.प्र.का.८१।८२।२७ को पर्यटन विकास तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको सम्बन्धमा पत्रानुसार 'मौरिस हर्जोक ट्रेलको विकास तथा प्रवर्द्धन' गर्न २० लाख बजेट रहेको र गाउँपालिकाले व्यहोर्नुपर्ने रु ५ लाख गाउँपालिकाले सेकार्कु कुण्ड पर्यटन पुर्वाधार निर्माणको लागि समपुरक अनुदान तर्फ विनियोजन गरेको साझेदारी रकम पुरै खर्च नहुने भएकाले सोही स्रोतबाट मिलान गरी भुक्तानी हुने गरी कार्यक्रम अगाडि बढाउने ।

निर्णय नं ९ :

प्रस्ताव नं ९ उपर छलफल गर्दा तपसिलको आयोजनाहरुको भेरियसन आदेश गर्नुपर्ने सम्बन्धित फिल्ड प्राविधिकहरुको कुरा आएकाले स्वीकृत ठेक्का सम्झौताको रकम नबढ्ने गरी के कती आइटमहरुको भेरिसयन गरी भेरियसन आदेश स्वीकृत गर्नुपर्ने हो सो कार्यपालिकाको अर्को बैठकमा पेश गर्ने व्यवस्था मिलाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

(च) मिति २०८१।०१।१० गते बसेको स्थानीय भुउपयोग परिषदको बैठकले गाउँपालिका भित्रको जग्गाको वर्गिकरण र नापी विभागबाट डिजिटल नक्सा स्वीकृत भई आएकाले सोको जानकारी वडा कार्यालयहरु, मालपोत कार्यालय, नापी कार्यालयमा जानकारीको लागि पठाउने र आगामी आ.व. २०८२।८२ सोही वर्गिकरण अनुसार मालपोत तिरो उठाउने र अन्य कामकारवाही अघि बढाउने ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

भरत कुमार पुन
अध्यक्ष